चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्या:४

मितिः २०८३/०६/१४ गते　　　　　　　　　　बैठक प्रारम्भः १ बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको पन्ध्रौं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उप-प्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव (नि. प्र प्र अ) | श्री पोषराज श्रेष्ठ | |

नि. प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः४

मितिः २०८३/०६/१४ गते बैठक प्रारम्भः १ बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

निर्णयहरूः

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३।०६।०२ च न ११७६ पत्रअनुसार यस कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री ओमकार प्रसाद न्यौपाने रमाना भइ सरुवा भएको कार्यालयमा जानुभएको तर सोहि मिति च नं ०११८६ अनुसार चैनपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा हुनुभएका श्री राज कुमार राई हाल सम्म यस कार्यालयमा हाजिर हुन नआउनु भएको साथै फोनमा सम्पर्क हुँदा वैकल्पिक व्यवस्था गर्नहुन भनी जानकारी गराएको जसको कारण कार्यालयको आर्थिक कारोबार लगायतका महत्वपुर्ण निर्णय एव कार्यहरु प्रभावित भएकोले मन्त्रालयबाट अर्को व्यवस्था भइ प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदा सम्म यस कार्यालयमा कार्यरत जनस्वास्थ्य अधिकृत श्री पोषराज श्रेष्ठ (क स नं १५५१७९)लाइ आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरि जिम्मेवारी प्रदान गरिदिन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा निर्णय नं १ बमोजिमको व्यवस्थाको सहजिकरणको लागि नगर प्रमुख श्री कृष्ण कुमार तामाङ भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको काठमाण्डौ जानको लागि मिति २०८३।०६।१५ देखि २०८३।०६।२२ सम्मको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. विविध

क. चैनपुर नगरपालिकाबाट मिति २०८३/०५/१८ गते प्रकाशित विज्ञापन नं ०२/०८३-८४ को मिति २०८३/०६/४ गते संचालन भएको लिखित एवं अन्तर्वार्ता परीक्षामा सफल भइ सिफारिस समितिबाट सिफारिस भएका उमेद्वारहरु मनिष भुर्तेल चैनपुर-४, हर्कराज राई चैनपुर-८ र अञ्जना श्रेष्ठ चैनपुर- ७ कार्यालय सहयोगीको पदमा र विज्ञापन नं ०१/०८३-८४ मिति २०८३/०६/४ गते संचालन भएको परीक्षामा सफल भइ सिफारिस समितिबाट सिफारिस भएका उमेद्वार हिमा देवी कार्की चैनपुर-३ लाइ अपांगता सहायता सहजकर्ता करार सेवामा लिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः४

मितिः २०८३/०६/१४ गते बैठक प्रारम्भः १ बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

ख. चैनपुर नगरपालिकामा अधिकृतस्तर छैटौं तह, स्थानीय प्रशासन/ सामान्य प्रशासन समुहमा कार्यरत मन कुमारी तामाङ (क स नं २४०५५१)ले स्वस्थ्य सम्बन्धी समस्यको कारण अन्तर स्थानीय तह सरुवा भइ जान सरुवा सहमती माग गरेको हुँदा निज कर्मचारीलाइ स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २४ (४) बमोजिम सरुवा सहमती दिने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका वडा नं २ बस्ने लाल बहादुर तामाङको छोरा ना प्र नं १०२०२६/९५८ का हर्क बहादुर तामाङको नाममा दर्ता रहेको साविक सिद्धकाली ७ को कित्ता नं १२४३ को क्षेत्रफल १८१० व मि· को जग्गा बर्गिकरण छुट भएको हुँदा उक्त जग्गा आवसिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक ३:०० बजे यही अन्त्य गरियो ।

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

कृष्ण कुमार तामाङ
नगर प्रमुख

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८३/०८४ न.का.पा. बैठक संख्याः४

मितिः २०८३/०६/१४ गते बैठक प्रारम्भः १ बजे

प्रस्तावहरूः

१. प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा ।

२. भ्रमण सम्बन्धमा ।

३. विविध

क. करार सेवामा कार्यालय सहयोगी र अपांगता सहायता सहजकर्ता नियुक्ति सम्बन्धमा

ख. सरुवा सहमती सम्बन्धमा ।

ग. छुट जग्गा वर्गिकरण सम्बन्धमा ।

नि. प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।